# प्रेस वक्तव्य

नेपाल सरकार र नेकपा (माओवादी) बीच गत: २०६३ साल जेठ १२ गते हस्ताक्षरित युद्धविराम आचारसंहिताको अनुगमन गर्न गठन गरिएको 'युद्धविराम आचारसंहिता राष्ट्रिय अनुगमन समिति' ले आफ्ना कामहरु मार्फत् मुलुकमा द्वन्द्व व्यवस्थापन गर्ने तथा दिगो शान्ति स्थापना गर्ने प्रकृयामा खेलेको महत्वपूर्ण भूमिकाको हामी उच्च मूल्याङ्कन गर्दछौं । सबैको सम्मिलित प्रयत्नबाट आज मुलुक सशस्त्र द्वन्द्वको समाप्ति र शान्तिपूर्ण प्रजातान्त्रिक सहकार्यको नयाँ चरणमा प्रवेश गरेको छ । परिवर्तित अवस्थामा शान्ति संझौता तथा हतियार एवं सैन्य व्यवस्थापन सम्बन्धी सहमतिको पूर्ण परिपालनाको प्रत्याभूति गर्न नयाँ प्रकृया र उचाइबाट अनुगमन प्रकृयालाई अगाडि बढाउन जरुरी छ । यस्तो अनुगमन तथा मुलुकमा दिगो शान्ति स्थापना गर्ने अभियानमा युद्धविराम आचारसंहिता अनुगमन प्रकृयामा सङ्लग्न सबै आदरणीय महानुभावहरुबाट भविष्यमा पनि संस्थागत र व्यक्तिगत हैसियतमा निरन्तर सहयोग पाइरहने विश्वासका साथ समितिका सबै पदाधिकारी तथा सदस्यज्यूहरुलाई धन्यवाद ज्ञापन गर्दै आजका मितिबाट 'युद्धविराम आचारसंहिता राष्ट्रिय अनुगमन समिति' विघटन गर्ने निर्णय भएको जानकारी गराउँदछौ ।

कृष्णबहादुर महरा
संयोजक
नेकपा (माओवादी) वार्ता टोली

कृष्णप्रसाद सिटौला
संयोजक
नेपाल सरकार वार्ता टोली

मिति :२०६३/८/१४